श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

# फैसला

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.**१८**/**९५**(हातहतियार)

दर्ता मिति :– **२०६९/०३/११**

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.५१४ , मिति :– **२०७०/०९/०८**

**वादी**

प्रहरी प्रतिवेदन जाहेरीले

**नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी............................................

कागज...........................................

**प्रतिवादी**

जनक राजभाटको छोरा, जिल्ला कन्चनपुर, कृष्णपुर गा.वि.स. वडा नं. २ बस्ने बर्ष २९ को रमेश राज भाट ............................................ .१

निजको प्रमाण ................................................................

साक्षी ......................................................................

कागज ......................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षी...........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०६९/०२/१८ गतेका दिन का.जि. मातातिर्थ गा.वि.स. वडा नं.४ स्थित कल्याणपुरमा रमेश राज भाटलाई शंकास्पद अवस्थामा देखी निजलाई नियन्त्रणमा लिई शरिर तलासी लिदा निजको साथबाट अंग्रेजीमा स्टार ट्रेडमार्क ७.६५ लेखिएको पेस्तोल थान-१ र ऐ. को गोली राउण्ड ५ र एच टि सी मोवाइल समेत फेला परेको हुदा उक्त हातहतियार वरामद गरी निजलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरेको भन्ने समेत व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. म २०५९ सालमा सशस्त्र प्रहरीमा भर्ना भई काम गर्ने क्रममा द्धन्द्धकालमा निशानामा परेपछि मैले विदेश जाने क्रममा छनोट भएपछि मैले प्रहरीको नोकरी २०६४ सालमा राजिनामा दिई आवीदवी जान तयार हुदा ६ महिनासम्म बस्दा जान नसकी भिसा रद्ध भएको हुदा वैदेशिक रोजगारको लागि जान निवेदन गर्ने क्रममा आफ्नो घर सुदुरपश्चिम वताउने वैदेशिक रोजगारमा मानिस पठाउने एजेण्ट वाइसिएल वताउने विशाल ऐर सँग चिनजान भएको र रोजगारको लागि विदेश जान नसके पछि सेक्युरिटी कम्पनीमा नोकरी गर्दै आएकोमा महिना गते याद भएन २०६८ सालमा निज विशाल ऐर म बस्ने कोठामा आई कुराकानी गरी निजले साथमा ल्याएको पेस्तोल थान-१ र ऐ को गोली राउण्ड ५ समेत यो अहिले तिम्रो कोठमा राख, पछि मलाइ चाहिन्छ भनी उक्त पेस्तोल राखी गए पछि निज विशाल ऐर फर्कि मेरो कोठामा आएनन् । मिति २०६९/०२/१८ गतेका दिन मैले प्रयोग गर्ने मोवाइल नं. ९८०३७३९२९७ मा ल्याण्ड लाइनबाट फोन गरी म विशालको मान्छे बोलेको विशालको सामान तिमिसँग छ रे, सामान ल्याई देउ,भनेपछि मैले कहाँ ल्याई दिनु भन्दा तिम्रो कोठा भन्दा तल चौतारासम्म ल्याई देउ भनेपछि मैले उक्त हतियार लिई चौतारामा पुग्दा मैले

नचिनेका विशाल ऐरले पठाएको भन्ने व्यक्तिसँग भेट भयो र निजले म सँग भएको गोली हतियार हेरेपछि मेरो कलंकी जाने काम छ,एक छिनमा लिन आउछु,यो सामान सुरक्षित राख्नु,भनी निज गए र म उक्त हतियार लिई कोठा तर्फ फर्कने क्रममा प्रहरीले मलाई उक्त पेस्तोल तथा गोली सहित पक्राउ गरेको हो भन्ने समेत व्यहोराको **प्रतिवादी रमेश राज भाटले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

३. बरामद भई आएको ७.६५ पेस्तोल कम्पनीद्धारा निर्मित पेस्तोल भएको र बरामद भएका गोलीहरु समेत सोही हतियारबाट फायर हुने सक्ने भन्ने व्यहोराको बरामद भएको हतियारको परीक्षण प्रतिवेदन ।

४. मिति २०६९/०२/१८ गतेका दिन का.जि.मातातिर्थ गा.वि.स.वडा नं.४ कल्याणपुरमा प्रहरीले पेस्तोल थान-१ ऐ को गोली राउण्ड ५ वरामद गरेको र रमेश राज भाटलाई पक्राउ गरेको थाहा पाएको हो र उक्त हतियार गोली विशाल ऐर भन्नेले रमेश राज भाटलाई दिएको भन्ने थाहा हुन आएको भन्ने समेत व्यहोराको बुझिएका मानिसहरुले लेखाई दिएको कागज ।

५. प्रतिवादी रमेश राज भाटको वयानबाट खुल्न आएका प्रतिवादी विशाल ऐरलाई खोजतलास गर्दा फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

६. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी रमेश राज भाटलाई मिति २०६९/०२/१८ गतेका दिन का.जि.मातातिर्थ गा.वि.स.वडा नं.४ स्थित कल्याणपुर भन्ने स्थानबाट प्रहरीले फेला पारी निजको साथबाट अंग्रेजीमा स्टार ट्रेडमार्क ७.६५ लेखिएको पेस्तोल थान-१ र ऐ मा फिट हुने गोली राउण्ड-५ समेत बरामद भएको हुदा, निज प्रतिवादी रमेश राज भाटले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२) विपरितको कसूर गरेको हुदा निज प्रतिवादी रमेश राज भाट उपर सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय हुन र बरामद भएको अंग्रेजीमा स्टार ट्रेडमार्क ७.६५ लेखिएको पेस्तोल थान-१ र सो मा फिट हुने गोली राउण्ड थान-५ सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

७. म ५ वर्ष प्रहरीमा सेवा गरी अवकाश पाएको हुदा मलाई हातहतियार चलाउन आउछ, मिति २०६९/०२/१८ गते अं.१२ बजेको समयमा मेरो शरिर खानतलासी लिदा बरामदी मुचुल्कामा उल्लेख भए अनुसारको पेस्तोल थान-१, सो मा लाग्ने गोली राउण्ड -५ र मोवाइल थान-१ फेला परेको ठीक हो,विशाल ऐर भन्ने वाईसिएलको साथीले २/३ महिना अगाडि मेरो कोठामा उल्लेखित हातहतियार समेतका सामानहरु छाडेको हो, विदेश जाने क्रममा अन्तरवार्ता दिन जादा निज विशाल ऐर भन्ने साथीसँग चिनजान भएको हो । म विशाल ऐरको साथी हो भनी अर्को व्यक्तिले मलाई विशाल ऐरले राखेको सामान मलाई देउ भनी फोन गरेकोले सो पेस्तोल पुर्‍याउन चौतारामा गई, उ कलँकी गएर फर्की आउछु भनी गएकोले कोठामा फर्कने क्रममा मलाई प्रहरीले समाए, भन्ने समेत व्यहोराको **प्रतिवादी रमेश राज भाटले यस कार्यालयमा गरेको वयान ।**

८. यसमा प्रतिवादीले बयान गर्दा अभियोग स्वीकार गरी वयान गरेको देखिदा पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ (क) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने व्यहोराको **यस कार्यालयबाट मिति २०६९/०३/११ मा भएको थुनछेक आदेश ।**

९. प्रतिवादी रमेश राज भाट सहयोगी चरित्रको हुनुहुन्छ । निजको चरित्र राम्रो छ । निजबाट पेस्तोल गोली बरामद भएको सम्वन्धमा पत्रिका पढे पछि थाहा पाएको हो । निजलाई पहिले देखी धाक धम्की दिएको भनी बारम्वार भन्ने गरेका थिए । यिनलाई फसाइएको हुदा सजाय हुनु पर्ने होइन भन्ने प्रतिवादीका साक्षी प्रदीप रिजाल र अशोक रिजाल**को एकै मिलानको बक-पत्र ।**

१०. म उक्त दिन प्र.नि.रविन्द्रमान गुरुङ्गको कमाण्डमा निज प्रतिवादी रमेश राज भाट अवैध रुपमा हातहतियार गोलीगट्ठा ओसार पसार विक्री वितरण गर्छन भन्ने विशेष सुराकीका आधारमा निजहरुलाई खो.त.गरी पक्राउ गरी दशी प्रमाण साथ दाखिला गर्ने उद्धेश्यकासाथ खटी गएकोमा मिति २०६९/०२/१८ गते का.जि.मातातिर्थ गा.वि.स.वडा नं.४ कल्याणपुर भन्ने स्थानबाट निज प्रतिवादी शंकास्पद अवस्थामा हिडीरहेको फेला पारी निजलाई नियन्त्रणमा लिई बरामदी मुचुल्कामा उल्लेखित पेस्तोल थान-१ र ऐ मा फिट हुने गोली राउण्ड-५ फेला पारेको हो भन्ने प्र.ना.नि.असरफ अलि अन्सारीले यस कार्यालयमा गरेको बकपत्र ।

## यस कार्यालयको ठहर

११. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी रमेश राज भाटले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२), ४(२) र ५(१) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

१२. यसमा मिशिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा प्र.रमेश राज भाटले मिति २०६९/०२/१८ को बरामदी मुचुल्कामा उल्लेख भएको STAR TRADE MARK 7.65 लेखिएको पेस्तोल थान-१ र सो मा फिट हुने गोली राउण्ड थान-५ आफुलाई विशाल ऐर भन्ने व्यक्तिले २/३ महिना अघि दिएको, उक्त हातहतियार खरखजाना आफुबाट बरामद भएको कुरालाई स्वीकार गरी यस कार्यालय समेतमा वयान गरेको हुदा अवैध हातहतियार अरु कसैले आफुलाई दिएको हो भनेकै आधारमा निजले कसुरबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहदैन । अतयवः प्रतिवादी रमेश राज भाटले विना ईजाजत बरामदी मुचुल्कामा उल्लेख भएको STAR TRADE MARK 7.65 लेखिएको पेस्तोल थान-१ र सो मा फिट हुने गोली राउण्ड थान-५ आफुसँग राखी, साथमा लिई हिडी, हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) अनुसार कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी रमेश राज भाटलाई ३-०-० (तीन वर्ष ) कैद सजाय हुन्छ । वरामद भएको पेस्तोल थान-१ र गोली राउण्ड-५ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी रमेश राज भाटलाई ३ वर्ष (तीन वर्ष ) कैद सजाय हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६९/०२/१८ देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदिपूर्जी दिई कैदमा राख्नु ....................................................................................................................................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू .................................... .... ....................................... २

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.............................................................................. ३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..... ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ........................................................................................ ५

...................................
**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल पौष ८ गते रोज २ शुभम् ...........................................................................